# क्षत्री जातिको वैवाहिक पद्धति

## कीर्तिपुर नगरापालिका वडा नं. १२ मा आधारित समाजशास्त्रीय अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय
समाज शास्त्र/मानव शास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा समाज शास्त्र विषयको स्नातकोत्तर उपधिको आंशिक आवश्यकता परिपूर्तिका निमित्त प्रस्तुत गरिएको

## शोधपत्र


प्रस्तुतकर्ता

**कन्याकुमारी गुरुङ**

रोल नं. १३६/०६३

रजिस्ट्रेसन नं. ६-२-२९५-१३४-२००३



त्रिभुवन विश्वविद्यालय

मानविकी तथा समाज शास्त्र सङ्काय

समाज शास्त्र/ मानव शास्त्र विभाग,

पृथ्वीनारायण क्याम्पस

पोखरा, २०७०



क्षत्री जातिको वैवाहिक पद्धति

**कन्याकुमारी गुरुङ**

२०७०

## सिफारीस पत्र

त्रिभुवन विश्वविद्यालयबाट समाज शास्त्र विषयमा स्नातकोत्तर तह उपाधीको आंशिक आवश्यकता पूर्तिका लागि (एम.ए.५०८) मेरो निर्देशन तथा सुपरिवेक्षणमा कन्याकुमारी गुरुङद्वारा कीर्तिपुर नगरपालिका वडा नं. १२ भत्त्केपाटीमा स्थापित “क्षत्री जातिको वैवाहिक पद्धति” शिर्षकको यो शोधपत्र तयार पार्नुभएको हो । यसरी धेरै मेहेनत पूर्वक कीर्तिपुर नगरपालिका वडा नं. १२ भत्त्केपाटी भित्र केन्द्रित रहि स्थलगत अध्ययन गरेर तयार पारिएको यो शोधपत्र कार्य सम्बन्धी उहाँको कार्यप्रति म सन्तुष्ट छु। उक्त शोधकार्यको आवश्यक मुल्याङ्कनका लागि सिफारीस गर्दछु।

..................................
शरदकुमार पौडेल
शोध निर्देशक
समाज शास्त्र/ मानव शास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस
पोखरा

वि.सं. २०७० चैत्र
2014, April

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत पृथ्वीनारायण क्याम्पस समाज शास्त्र/ मानव शास्त्र विभाग स्नातकोत्तर तह दोस्रो वर्षको समाज शास्त्र विषयको आठौं पत्रको आंशिक आवश्यकता पुरा गर्नको लागि छात्रा कन्याकुमारी गुरुङले तयार गर्नुभएको "क्षत्री जातिको वैवाहिक पद्धति" शीर्षकको यो शोधपत्र स्नातकोत्तर उपाधिको लागि उचित ठहरिएकोले शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ।

**शोधपत्र मूल्याङ्कन समिति**

..........................
शरदकुमार पौडेल
शोध निर्देशक

.....................
उमनाथ वराल
सह प्राध्यापक
बाह्य परिक्षक

....................
शान्ति भुसाल
विभागीय प्रमुख

वि.सं. २०७० चैत्र
2014 April

# कृतज्ञता ज्ञापन

प्रस्तुत “क्षत्री जातिको वैवाहिक पद्धति” कीर्तिपुर नगरपालिका वडा नं. १२ मा आधारित एक समाजशास्त्रीय अध्ययन शीर्षकको शोधपत्र समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आवश्यकता परिपुर्तिका लागि तयार पारिएको हो । यस अध्ययनमा क्षत्री जातिको विवाह गर्ने परम्परा, संस्कार, मूल्य मान्यता, लोक संस्कृति र विश्वाससहित विवाहमा आएका परिवर्तनलाई प्रस्ट पार्ने जमर्को गरेकी छु । साथै यस अध्ययन सूक्ष्म तरिकाले गरिएकोले क्षत्री जातिका विवाह सम्वन्धी सामान्य जानकारी प्रदान गर्ने छ भन्ने आशा लिएकी छु । यस बारेमा समाजशास्त्रीय खोज गर्ने प्रयत्नमा धेरै विद्वान् महानुभावबाट उचित उर्जाशील प्रेरणा मिलेको छ । समाज शास्त्र/मानव शास्त्र विभाग प्रमुख श्रीमती शान्ती भुषालज्यूले यस शोध पत्रको लागि प्रस्तवना समयदेखि नै सल्लाह तथा सुझाव दिई अगाडि बढ्ने प्रेरणा दिनु भएकोमा उहाँप्रति अत्यन्तै आभारी छु । त्यसैगरी शोधकार्यलाई सुव्यवस्थित गरी लक्ष्य प्राप्तितर्फ उन्मुख गराउन तथा अनुसन्धानका समग्र विधि, प्रक्रिया स्वम् न्यूनतम मूल्य मान्यतामा निर्देशित रहेर शोधपत्रलाई मूर्त रूप दिन हौसला, प्रेरणा र आफ्नो अमूल्य समय प्रदान गर्नु हुने शोध निर्देशक शरदकुमार पौडेलज्यु प्रति हार्दिक आभार प्रकट गर्दछु । भाषा सम्पादनमा सहयोग गर्नुहुने डोलराज आर्यालज्यू लाई पनि हार्दिक धन्यबाद दिन चाहन्छु । शोधपत्र तयार गर्ने सुअवसर उपलब्ध गराएकोमा त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाज शास्त्र सङ्काय समाज शास्त्र/ मानव शास्त्र विभाग पृथ्वीनारायण क्याम्पस पोखराप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

स्नातकोत्तर पढ्नका लागि प्रेरित गर्ने र आर्थिक सहयोग गर्नुहुने मेरा परिवार, लेखन कार्यमा सुझाव र सल्लाह दिनुहुने विभागीय गुरुहरूप्रति आभारी छु । अध्ययन अनुसन्धानको क्रममा तथ्याङ्क सङ्कलन गर्नका लागि अन्तरवार्ता, भेटघाट कार्यमा सहयोग पुऱ्याउनु हुने साथी मिनु, भाइ अशोक र सम्पूर्ण उत्तरदाताहरूमा हार्दिक धन्यवाद दिन चाहान्छु । त्यस्तै लेखन कार्यमा सहयोग गर्नुहुने दिदी चन्द्र, साथी ईश्वर, कल्पना, बत्तीमाया प्रति कृतज्ञता तथा धन्यवाद दिन चाहान्छु । विभिन्न कठिनाइका बाबजुद अन्त्यसम्ममा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नु हुने सम्पूर्ण मित्रहरूप्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा यो शोधकार्यलाई छिटो छरितो साथै शुद्धताका साथ कम्प्युटर टाइपिङ , प्रिन्ट तथा बाइन्डिङ गर्न सहयोग गर्ने न्यु टाइपिङ इन्स्च्युटप्रति धन्यवाद प्रकट गर्न चाहान्छु ।

कन्याकुमारी गुरुङ

मिति :- वि.सं. २०७०/१२/१६

# शोधसार

नेपाल विभिन्न जातजातिहरुको साझा फुलबारी हो । यहाँ विभिन्न जातजातिहरू बसोवास गर्दछन् । ती मध्ये क्षत्री जाति पनि एक सुविख्यात, लडाकु, र वीर जाति हो । यो जाति नेपाल , सिक्किम, भुटान, कुमाउ, गढवाल काँगडासम्म व्याप्त रह्यो र हालसम्म रहेको छ । क्षत्रीहरूको परम्परागत मुख्य पेसा शाही सेना, निजामति तथा प्रविधिक सेवाका अतिरिक्त कृषि हो ।

मानिस चेतनशील प्राणी हो । त्यसैले समाजमा बस्दछ । सामाजिक जीवनमा आइपर्ने जन्म, मृत्यु तथा विवाह जस्ता घटना अथवा संस्कारले मानव जीवनमा महत्वपूर्ण प्रभाव पारेको हुन्छ । सृष्टिको बिस्तारको लागि स्थापित विवाह प्रथा नै मानव जीवनको व्यावहारिक जीवनलाई प्रतिपालन गर्ने महत्व पूर्ण सम्वन्धको सूत्र हो । त्यसैले मानव जीवनको लागि विवाह अत्यन्तै आवश्यक छ । विश्वमा विभिन्न ठाउँहरूमा तथा विभिन्न जाति अनुरुप विवाहका विभिन्न रुपहरू विकसित भैसकेका छन् । यसै सन्दर्भ अन्तर्गत विभाग समाजशास्त्र/ मानवशास्त्र विषयको स्नाकोत्तर तह द्वितिय वर्षको आठौं पत्रको प्रयोजनको लागि “क्षत्री जातिको वैवाहिक पद्धति” शीर्षकको शोधकार्य तयार पारिएको छ ।

## अध्ययनको उद्देश्य :

यस अध्ययनको सामान्य उदेश्यमा क्षत्री समुदायको वैवाहिक पद्धतिवारे अध्ययन गर्नु हो भने

## विशिष्ट उदेश्यहरूमा :

- क्षत्री जातिको पारिवारिक अवस्थावारे विश्लेषण गर्ने ।
- क्षत्री जातिको परम्परागत विवाहको स्थिति विश्लेषण गर्ने ।
- क्षत्री जातिमा आधुनिकताले वैवाहिक स्थितिमा के परिवर्तन ल्यायो चर्चा गर्ने

## अनुसन्धान ढाँचा :

यस अधययनको लागि वर्णानात्मक र अन्वेषणात्मक शैलीमा शोधपत्र तयार गरिएको छ ।

## अनुसन्धान विधि :

अन्तरवार्ता, अवलोकन, अनुसूची जस्ता विधिहरूको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

यस अध्ययनको लागि कीर्तिपुर नगरपालिका वडा नं. १२ अन्तर्गत भत्केपाटी क्षेत्रलाई छानिएको छ । उक्त स्थानमा जम्मा घरसङ्ख्या ४०९ मध्ये क्षत्रीहरूको ९० घरसङ्ख्यालाई सङ्गणना विधिको आधारमा मौखिक अन्तरवार्तााट तथ्याङ्क सङ्कलन गरिएको छ । जसको माध्यमबाट सामाजिक, सांस्कृतिक र आर्थिक परिवर्तनका साथै परिवार र विवाह स्थितिबारेमा तथ्याङ्क सङ्कलन गरिएको छ । द्वित्तिय सूचना सङ्कलनका लागि विभिन्न लेख, रचना, पत्रपत्रिकाबाट प्रकाशित एवम् अप्राकशित पुस्तक, लेख, रचना तथा अन्य सम्वन्धित साहित्यको सहयोग लिइएको छ । सङ्कलित तथ्याङ्कहरूलाई वर्गीकरण र तलिकीकरण पछि कम्प्युटरको माध्यमबाट विश्लेषण गरी आवश्यकता अनुसार तालिका सूचि, चित्र सूचि प्रतिशतका आधारमा प्रस्तुत गरिएको छ ।

- क्षत्री जातिको विवाह गर्दाको औसत उमेर १५ - २० वर्षको ४८ (५३.३३ प्रतिशत पाइयो भने क्रमश २१ - २५ वर्ष २६ (२८.८८ प्रतिशत) र २५ वर्ष भन्दा माथि १६ (१७.७७ प्रतिशत) पाइयो ।
- उत्तरदाताहरूमा एक पत्नी विवाह र विधुवा वा विधुर विवाह कम पाइयो ।
- उत्तरदाताहरूमा मागी विवाह गर्नेको सङ्ख्या ७२ (७५.५ प्रतिशत) पाइयो भने प्रेम विवाह गर्नेको सङ्ख्या १० (११.११ प्रतिशत), अन्तर जातीय विवाह गर्नेको सङ्ख्या ८ (८.८८ प्रतिशत) र भागी वा चोरी विवाह गर्नेको सङ्ख्या २ (२.२२ प्रतिशत) पाइयो ।
- उत्तरदाताहरूमा दाइजो सम्बन्धी धारणा नराम्रो लाग्छ भन्ने ८८.८८ प्रतिशत, राम्रो लाग्छ भन्ने ४.४४ प्रतिशत र थाहा छैन भन्ने ६.६६ प्रतिशत पाइयो ।
- पारिवारिक संरचनामा एकात्मक परिवारको सङ्ख्या ५६(६३.२० प्रतिशत ) पाइयो भने संयुक्त परिवारको सङ्ख्या २४ (२६.७० प्रतिशत) र वृहत परिवारको सङ्ख्या १० (११.१० प्रतिशत) पाइयो ।
- पारिवारिक संरचना धेरै सानो १-२ सदस्य भएको ४(४.४४ प्रतिशत ) सानो परिवार ३- ५ सदस्य भएको ४६ ( ५१.११ प्रतिशत ), मध्यम परिवार ६-८ सदस्य भएको २८ ( ३१.११ प्रतिशत ) र ठुलो परिवार ८ भन्दा माथि भएको १२ ( १३.३३ प्रतिशत) रहेको पाइयो ।
- परिवार विखण्डन हुनाको कारणको प्रश्नको जवाफमा घरायसी झगडाको कारण ३२ ( ३.५.५५ प्रतिशत ) क्रमश : घर भन्दा टाढा रोजगारीको कारण, घरमूलीको

नियन्त्रणमा बस्न नचाहेर भन्नेको सङ्ख्या र अन्य कारणमा १० ( ११.१२ प्रतिशत) रहेको छ ।

- उत्तरदाताको इच्छा अनुसार छोरा चाहने ५४.४ प्रतिशत, छोरी चाहने २० प्रतिशत र छोरा छोरी जे भए पनि  हुन्छ भन्नेको सङ्ख्या ३५.६ प्रतिशत रहेको पाइयो ।
- पारिवारिक पेसाको आधारमा वर्गीकरण गर्दा नोकरी पेसामा लाग्ने पुरुषको सङ्ख्या ६६.६६ प्रतिशत छ भने महिलाको १५.५५ प्रतिशत देखियो ।
- कृषि पेसा अँगाल्ने पुरुषको सङ्ख्या १३.३३ प्रतिशत छ भने महिला ५३.९ प्रतिशत देखियो ।
- घरायसी कामधन्दामा लाग्ने पुरष भन्दा महिला बढी देखियो तापनि उनीहरूको सहायक पेसा कृषि रहेको पाइयो ।

क्षत्री जातिहरूको आफ्नै परम्परागत सामाजिक सांस्कृतिक विशेषताहरू रहेका छन् । तापनि दिनप्रतिदिनको प्राविधिक प्रगति, विश्वव्यापीकरण आदिका कारणले यस समुदायका मानिसको सामाजिक, आर्थिक र सांस्कृतिक मूल्य मान्यताहरूमा परिवर्तन हुँदै आएको छ । छोरीलाई शिक्षाबाट वञ्चित तथा कम उमेरमा विवाह गरिदिनुपर्दछ भन्ने मान्यतामा परिवर्तन आई ढिलो विवाह गर्ने, छोरा सरह शिक्षा दिनुपर्दछ भनेर विद्यालय पठाउने र विवाह गर्ने समय धेरै नलगाई एक दिनमा सक्ने परिपाटी चलेको पाइन्छ । हालका दिनहरूमा केटी माग्ने परम्परामा अभिभावकको मात्र सम्बन्धीत नगराई केटा र केटीको मञ्जुरीबाट पनि विवाह गराइन्छ । त्यस्तै आर्थिक पक्षलाई जोड दिइएको र सामूहिक भावनामा कमी आएको पाइन्छ ।

# विषय -सूची


| | |
|---|---|
| शीर्षक | I |
| सिफारिस पत्र | II |
| स्वीकृति पत्र | III |
| कृतज्ञता ज्ञापन | IV |
| विषय सूची | V |
| तालिका सूची | IX |
| शोधसार | X |
| **एकाइ - एक :** | **पृष्ठ** |
| **परिचय** | **१-७** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको उद्देश्य | ५ |
| १.४ अध्ययनको महत्त्व | ६ |
| १.५ अध्ययनको सीमा | ६ |
| १.६ अध्ययनको सांगठनिक ढाँचा | ७ |
| **एकाइ - दुई :** | |
| **सम्बन्धित साहित्यको पुनरावलोकन** | ८-१८ |
| २.१ विवाह, उत्पति र विकास | ८ |
| २.१.१ धार्मिक संस्कार युक्त विवाह | १० |
| २.१.२ दर्ता विवाह | १० |
| २.१.३ परम्परागत विवाह | १० |
| २.१.४ विवाह संस्कार सम्बन्धि नेपाली कानुन संहिता | ११ |
| २.२ सैद्धान्तिक पुनरावलोकन | १२ |
| २.३ पूर्व साहित्यको समलोचना | १३ |
| २.४ अवधारणागत खाका | १८ |

**एकाइ - तिन :**


| | | |
|---|---|---|
| **अनुसन्धान पद्धति** | | **१९-२१** |
| ३.१ | अध्ययन क्षेत्रको छनोट | १९ |
| ३.२ | अनुसन्धान ढाँचा | १९ |
| ३.३ | तथ्याङ्कको प्रकृति र स्रोत | २० |
| ३.४. | नमूना छनोट प्रकृया | २० |
| ३.५ | तथ्याङ्क सङ्कलनका विधिहरू | २० |
| ३.५.१ | अन्तरवार्ता | २० |
| ३.५.२ | अवलोकन | २० |
| ३.६ | तथ्याङ्को विश्वसनियता र प्रामाणिकता | २१ |
| ३.७ | तथ्याङ्क प्रस्तुति एवम् विश्लेषण | २१ |


**एकाइ- चार :**


| | | |
|---|---|---|
| **अध्ययन क्षेत्रको परिचय** | | **२२-३०** |
| ४.१ | अध्ययन क्षेत्रको परिचय | २२ |
| ४.२ | कीर्तिपुर नगरपालिकाको भौगोलिक अवस्था | २२ |
| ४.३ | सिमाना | २३ |
| ४.४ | कीर्तिपुर नगरपालिकाको वडागत जनसङ्ख्या विवरण | २३ |
| ४.५ | कीर्तिपुर नगरपालिकाको जातिगत आधारमा जनसङ्ख्या विवरण | २५ |
| ४.६ | क्षत्री जातिको परिचय तथा इतिहास | २५ |
| ४.७ | क्षत्री जातिको जनजीवन | २७ |
| ४.८ | रहनसहन तथा खानपिन | २८ |
| ४.९ | भाषा र धर्म | २८ |
| ४.१० | वस्त्र तथा आभुषण | २८ |
| ४.११ | जीवन संस्कार | २९ |
| | ४.११.१ जन्म | २९ |
| | ४.११.२ पास्नी | २९ |
| | ४.११.३ व्रतवन्ध | २९ |
| | ४.११.४ विवाह | २९ |
| | ४.११.५ मृत्यु | ३० |

**एकाइ - पाँच :**

**तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण ३१-५७**


५.१ परिवारप्रतिको अवधारणा ३१

५.१.१ उत्तरदाताहरूको पारिवारिक संचरना ३१

५.१.२ उत्तरदाताहरूको पारिवारिक आकार ३२

५.१.३ उत्तरदाताहरूको पारिवारिक आकार सम्बन्धी धारणा ३३

५.१.४ क्षत्री समाजमा सक्रिय तथा निष्क्रिय जनसङ्ख्या ३४

५.१.५ उत्तरदाताहरूको इच्छा अनुसार छोरा र छोरीको चाहना अनुरुप

वर्गीकरण ३५ ५.१.६

पारिवारिक विखण्डन ३५

५.२ वैवाहिक प्रक्रिया र किसिम ३६

५.२.१ विवाह संस्कृति ३६

५.२.२ अध्ययन क्षेत्रमा प्रचलित विवाह प्रथा ३९

५.२.३ अध्ययन क्षेत्रमा वसोवास गर्ने क्षत्री जातिको प्रचलित विवाह

पद्धति ४२

५.२.३.१ मागी विवाह ४२

५.२.३.१.१ केटीको चिना माग्ने प्रक्रिया ४३

५.२.३.१.२ ग्रहपूजा ४५

५.२.३.१.३ दुलहाको तयारी र विवाह प्रस्थान ४५

५.२.३.१.४ स्वयंवर ४६

५.२.३.१.५ गोडा धुने कार्यक्रम ४६

५.२.३.१.६ कन्यादान ४७

५.२.३.१.७ सिन्दूर हाल्ने ४७

५.२.३.१.८ पाणि ग्रहण ४७

५.२.३.१.९ लज्जामोह ४७

५.२.३.१.१० अग्नि परिक्षण ४८

५.२.३.१.११ बेहुली अन्माउने ४८

५.२.३.१.१२ सप्तपदी ४८

५.२.३.१.१३ खाजा खुवाउने ४९

५.२.३.१.१४ दुलही फिराउने ४९

५.२.३.२ प्रेम विवाह ४९

५.२.३.३ अन्तरजातीय विवाह ५०
५.२.३.४ चोरी वा भागी विवाह ५१
५.२.३.५ विधुर वा विधूवा विवाह ५१
५.२.३.६ जारी विवाह ५२
५.३ दाइजो प्रथा ५२
५.३.१ उत्तरदाताहरूको दाइजो प्रथा सम्बन्धी धारणा ५३
५.४ विवाहको सीमा ५४
५.४.१ सगोत्री विवाह ५४
५.४.२ सपण्डि विवाह ५५
५.४.३ प्रवर विवाह ५५
५.४.४ अनुलोम र प्रतिलोम विवाह ५६
५.५ विवाहको रुप, अनुष्ठान र स्वरुप ५६
५.६ विवाहमा यौनाचार ५७

**एकाइ - ६ :**

**सारांश निष्कर्ष र सुझावहरू ५८-६३**

६.१ सारांश ५८
६.२ निष्कर्ष ६०
६.३ सुझावहरू ६२

सन्दर्भ सामग्री
अनुसुची
तस्बिरहरू

# तालिका सूची


| | | |
|---|---|---|
| तालिका नं. ४.१ : | कीर्तिपुर नगरपालिकाको वडागत जनसङ्ख्या विवरण | २४ |
| तालिका नं. ५.२ : | परिवारको बनावटका आधरमा पारिवारिक विवरण | ३२ |
| तालिका नं. ५.३ : | उत्तरदाताहरूको परिवारको आकार | ३३ |
| तालिका नं. ५.४ : | उत्तरदाताको पारिवारिक आकार सम्बन्धी धारणा | ३३ |
| तालिका नं. ५.५ : | क्षत्री समाजमा सक्रिय तथा निष्क्रिय जनसङ्ख्या | ३४ |
| तालिका नं. ५.६ : | उत्तरदाताको इच्छा अनुसार छोरा र छोरीको चाहना | ३५ |
| तालिका नं. ५.७ : | पारिवारिक विखण्डनप्रति उत्तरदाताको धारणा | ३६ |
| तालिका नं. ५.८ : | उत्तरदाताको विवाह गर्दाको उमेरको स्थिति | ४० |
| तालिका नं. ५.९ : | वैवाहिक स्थिति अनुसार वर्गीकरण | ४१ |
| तालिका नं. ५.१० : | वैवाहिक किसिम अनुसार वर्गीकरण | ४२ |